# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

आदरणीय पाठक मित्र, तपाईंले निम्न प्रश्नहरूका जवाफहरू आफ्नो सुविधा अनुसार ईमेलमा एटेच गरी वा हुलाको माध्यमद्वारा हाम्रो ठेगानामा प्रेशित गर्नसक्नु हुनेछ ।

# तेस्रो भाग (पाठ ८ - १०)

# पाठ ८

## कप्तान कर्नेलियस प्रेरित १० : १-४८

कर्नेलियस यस्तो एउटा समाजमा हुर्केका थिए, जहाँ साँचो परमेश्वरको ज्ञान थिएन । तिनको समाजका मानिसहरूले मूर्ति पूजम गर्थे । तिनीहरूमा कति शिक्षित मानिसहरूले दर्शनशास्त्रहरूमा ध्यान दिन्थे । तर यस्ता कुराहरूले मनमा शान्ति ल्यान सक्दैनन्; कर्नेलियसको मनमा पनि ल्याउन सकेनन्; किनभने तिनले आफ्नो जीवनको बारेमा भम्भीर रूपले विचार गर्थे । रोमी सरकारको सेनामा सुवेदार भएका हुनाले तिनको आफ्नो देशमा रहन पाएनन्, तर फौजी जीवन बिताउनुपरेका थिए । यसरी आफ्नो नोकरीमा तिनी इस्राएलमा पुगे । त्यहाँ बसेर तिनको सँगत यहूदीहरूसित भयो । यहूदीहरू तिनको समाजका मानिसहरूभन्दा धेरै फरक हुन्थे । उनीहरूले एकमात्र सृष्टिकर्ता परमेश्वरको सेवा गर्थे । हामीलाइ सृष्टि गर्ने परमेश्वर पवित्र हुनुहुन्छ, अनि उहाँले न्याय र दया चाहनुहुन्छ भन्ने कुरा उनीहरूले तिनलाइए सिकाए । उनीहरूले बताएका कुराहरूबाट प्रभावित भई तिनले त्यही परमेश्वरको डर मान्न थाले । त्यस समयदेखि तिनले त्यही परमेश्वरलाई सधैं पुकारे र मानिसहरूलाई दान दिए । तिनको साँचो भक्तिले तिनको अधिनमा बस्ने कति सिपाहरू र नोकरहरूलाई प्रभाव पारेको थियो । यसरी परमेश्वरको भक्ति गरे तापनि तिनले परमेश्वरसँग अझ नजिकको सँगत पाउन, अँ, पापबाट मुक्ति पाउन चाहन्थे । यहूदी-धर्म अपनाएर तिनले पापको क्षमा र मनमा शान्ति पाएका थिएनन् । प्रभु येशूले तिनको निम्ति के गर्नुभयो, सो कुरा हामी अब हेर्नेछौं । (प्रेरित १० : १-३३)

१) पद १ र २ मा हामीले कर्नेलियसको बारेमा कुन-कुन कुरा थाहा पाउँछौं ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)
इ)
ई)
उ)

२) परमेश्वरले प्रभुको प्रेरित पत्रुसलाइ कसरी यी रोमी सुवेदारसित भेट गराउनुभयो, त्यो तपाईंले पढ्नुभएको छ । परमेश्वरले तपाईंकहाँ आफ्ना सेवकहरू पठाउनुहुँदा त्यो पूरा आनन्दको कुरा सम्झनुहोस् । किनभने परमेश्वरले तपाईंलाई पनि मुपक्त दिन चाहनुहुन्छ । परमेश्वरको सेवकको सन्देशमाथि ध्यान लगाउनुहोस्; किनभने प्रभर येशूमा भएको मुक्ति तपाईंले कसरी प्राप्त गर्न सक्नुहुन्छ, त्यो उनीहरूले तपाईंलाई बताउने छन् ।
दर्शनमा कर्नेलियसले के देखे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) यी मानिसले चढ़ाएका प्रार्थना दानहरू परमेश्वरले देख्नुभयो । कर्नेलियसले यी धर्म-कर्महरूद्वारा मुक्ति पाएका थिएनन् । किनभने धर्म-कर्म गरेर कसैले पनि स्वर्गको राज्यभित्र पस्न पाउँदैन । तिनलाई प्रभु येशूमाथि विश्वास गर्न खाँचो थियो । तर तिनको कमी र तिनको मनको चाहना परमेश्वरले बुझेर तिनीकहाँ सुमाचारको प्रचारलाई पठाउनु भयो ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

क) यी सुवेदारका प्रार्थना र दानहरूको विषयमा स्वर्गदूतले दर्शनमा के भन ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) ती स्वर्गदूतले कर्नेलियसलाई के गर्ने आज्ञा दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) स्वर्गदूतले कर्नेलियसलाई दिएको आज्ञा स्पष्ट थियो । परमेश्वरको सन्देश सुनाउने प्रचारकलाई बोलाइ-पठाउनुपर्‍यो । कर्नेलियस घमण्डी वा अल्क्षे भएका भए यो हुकुम तिनले मान्न राजी हुनेथिएनन् होला । तर तिनको मुक्ति पाउने तीव्र इच्छा थियो । यसैले तिनले कष्ट उठाउन गाह्रा मान्दैनथे । तर तिनले तुरून्तै कुनै प्रश्न नसोधी, परमेश्वरको आदेश पालन गरे र आफ्ना मानिसहरू जोप्पामा पठाइहाले ।

कर्नेलियसले जोप्पामा कसलाइ्र पठाए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) कर्नेलियसका मानिसहरू बाटोमा पत्रुस बसेको ठाउँतिर आउँदै गर्दा परमेश्वरले आफ्ना सेवकलाई यी मानिसहरूसित भेट गर्न र तिनीहरूसँग जानको निम्ति तयार गर्नुपर्‍यो किनभने यहूदी भएर तिनी कहिल्यै अन्य जातिको कुनै मानिससित खानपिन गर्दैनथे । अहिलेसम्म प्रभु येशूको मण्डलीमा यहूदी र यहूदी-धर्म अपनाउनेहरू मात्र थिए । तर अब परमेश्वरले एउटा नयाँ काम गर्न अर्थात् यहूदीहरूबाहेक सारा संसारका अन्य जातिहरूबाट आफ्ना निम्ति मानिसहरूलाई बचाएर प्रभु येशूको मण्डलीभित्र गाभेर एउटै आत्मामा बाँध्न चाहनुभयो; अनि यो काम शुरू गर्नको लागि पत्रुसलाई प्रयोग गर्न उहाँको योजना थियो । यसकारण परमेश्वरले पहिले पत्रुसको मनभित्र पुरानो सोचाइ हटाएर यो नयाँ विचार हाल्नुपर्‍यो ।

क) ती पठाएका मानिसहरू शहरको नजिकै आइपुग्दा पत्रुसले के गरेका थिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) पत्रुसको निम्ति खाना तयार गर्दा तिनलाई के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) पुसुले एउटा चारै कुनामा बाँधिएको ठूलो तन्नाजस्तो पात्र आफूतिर झरिरहेको देखे, जसभित्र सबै किसिमका चारखुट्टे जनावर, जङ्गली पशु र चराहरू थिए । 'हेपत्रुस, उठ, मारेर खाउ' भन्ने आज्ञा सुने र तिनी एकदम छक्क परे । किनभने यसो गर्न तिनले आफ्नो धर्मको नियम उलङ्घन गर्नुपर्थ्यो । तिनी अशुद्ध हुन्थे ।

क) दर्शनमा पत्रुसले त्यस तन्नाजस्तो पात्रभित्र के-के देखे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनलाई के गर्ने आदेश आयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

७) पहिलेदेखि चलिआएको धर्मको नियमको विरोधमा केही काम गर्न पत्रुस तयार थिएनन् । परमेश्वरेल तिनलाई तीनपल्ट एउटै कुरा देखाउनु र भन्नुपर्‍यो । तब तिनको मनमा कुरा जाग्न थाल्यो । परमेश्वरले यहूदीहरूको निम्ति मात्र होइन, तर सारा संसारका मानिसहरूको निम्ति आफ्नो एकमात्र पुत्रलाई दिनुभयो । उहाँले प्रभु येशूको मृत्युद्वारा सबै मानिसहरूको निम्ति मुक्तिको ढोका खोलिदिनुभयो । अब प्रभुमा यहूदी र अन्य जातिका मानिसहरूका बीचमा कुनै भिन्नता रहँदैन, तर विश्वासद्वारा दुवैले परमेश्वरको सामु शुद्ध र ग्रहणयोग्य भएका छन् भन्ने कुरा तिनले बिस्तारै बुझ्न थाले ।

क) त्यो आज्ञा सुनेर पत्रुसले के जवाफ दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ख) दोस्रोपल्ट तिनीकहाँ कुन आवाज आयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) यो दृश्य कतिपल्ट देखा पर्‍यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

८) त्यसपछिको घटनाले पत्रुसलाई यस दर्शनको अर्थ बुझ्‍नमा सहायता गर्‍यो । किनभने त्यतिखेर कर्नेलिइसले पठाएका मानिसहरू पत्रुस बसेको घरमा आइपुगे ।

क) कर्नेलियसले पठाएका मानिसहरू आइपुग्दा पत्रुसले के विचार गरेका थिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) जब यी मानिसहरू ढोकाको सामु खड़ा भए, तब पवित्र आत्माले पत्रुसलाई के भन्नुभयो ? (पद १९-२०) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) पत्रुसले यस मानिसहरूलाई भेट्न जाँदा तिनीहरूले तिनलाई के समाचार दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) अचम्मको कुरा के हो भने पत्रुसले तिनीहरूलाई भित्र बोलाएर सत्कार गरे ।
भोलिपल्ट पत्रुसले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

९) पत्रुसको बाटो हेरिरहने कर्नेलियसले के गरेका थिए ? (पद २४) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१०) कर्नेलियसले पत्रुस र उनको साथमा आएकाहरूलाई स्वगत गरे । घरमा पसेपछि पत्रुसले धेरै मानिसहरूलाई भेला भएको देखे ।

क) तिनीहरूकहाँ आउने बाधाको बारेमा पत्रुसले कर्नेलियसलाई के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तर परमेश्वरले उनलाई कुन कुरा देखाउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

११) पत्रुसले केही दिनअघि देखेको दर्शनको अर्थ बुझे । यसैले उनी विरोध नगरी कर्नेलियसकहाँ आए । तर अब कर्नेलियसले उनलाई किन बोलाए, यस कुरा उनले बुझ्‍न चाहे । तब कर्नेलियसले सबै कुरा दोहर्‍याएर उनलाई यसको खास कनारण बताए ।

पत्रुसलाई बोलाउने मुख्य कारण के थियो ? (पद ३३) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१२) कर्नेलियस र उनको घरमा भेला भएका सबै मानिसहरू परमेश्वरको वचन सुन्न आएका थिए । बोल्ने अनुमति पाएपछि पत्रुसले उनीहरूलाई मुक्तिको सुसमाचार प्रचार गरे । पत्रुसको उपदेशका मुख्य बुँदाहरूमा हामी एक-एक गरी ध्यान दिऔं ।
पत्रुसले कुन नयाँ कुरा सिकेर पहिले बताए ? (पद ३४-३५) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१३) कर्नेलियसले साँचो परमेश्वरको डर मान्थे र उहाँको भक्ति गर्थे । तर तिनले प्रभु येशूको विषयमा सुनेका थिएनन् । तर आफ्नो ठूलो कृपामा परमेश्वरले पत्रुसको मुखद्वारा कर्नेलियसलाई मुक्तिको सुसमाचार सुनाउनको निम्ति उनलाई

तिनीकहाँ पठाउनुभयो । किनभने परमेश्वरले हरेक जातिबाट साँचो मनले उहाँको खोजी गर्ने सबैलाई पक्षपातबिना ग्रहण गर्नुहुन्छ । (पद ३६)

क) परमेश्वरले प्रभु येशू ख्रीष्टद्वारा इस्राउलीहरूकहाँ कुन वचन पठाउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) येशू ख्रीष्ट को हुनुहुन्छ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१४) प्रभुका प्रेरित पत्रुसले वचन सुन्नेहरूलाई प्रभु येशूको विषयमा बताइदिए । यी सबै कुराहरूका साक्षी सबै प्रेरितहरू, अँ, उनी आफै पनि थिए ।
पद ३८-४१ पढ़ेर पत्रुसले येशू ख्रीष्टको विषयमा प्रचार गरेका चारवटा मुख्य कुराहरू लेख्नुहोस् ।
क)
ख)
ग)
घ)

१५) पद ४२ अनुसार परमेश्वरले उनीहरूलाइ कुन-कुन कुरा प्रचार गर्ने आज्ञा गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१६) परमेश्वरले आफ्ना पुत्र येशूलाई सबै मानिसहरूको न्यायकर्ता हुनको निम्ति नियुक्त गर्नुभयो । एकदिन हामी सबैले प्रभु येशूको सामु उसभन र आफ्नो जीवनको लाखम दिनुपर्छ । यो कुरा निश्चित छ । तर अहिले परमेश्वरले आफ्नो अपार प्रेमअनुसार यही प्रभु येशूद्वारा सबै ठाउँका मानिसहरूलाई पापको क्षमा पाउने मौका दिँदै हुनुहुन्छ । यसैले पत्रुसले प्रचार गरेको परमेश्वरको आज्ञा हामीमध्ये कसैले तुच्छ नठानोस् । परमेश्वरको निगाह पाउने अवसर गुमाएर उहाँको न्यायमा पर्नु डरलाग्दो कुरा हो । यसकारण समयमै, ढिलो नगरी, हमीले पाप क्षमा पाउनको निम्ति परमेश्वरको आज्ञा पालन गरेर प्रभु येशूमाथि विश्वास गरौं ।
प्रभु येशूमाथि विश्वास गर्ने सबैलाई परमेश्वरले कुन प्रतिज्ञा गर्नुभएको छ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१७) मानिसहरूको दृष्टिमा कर्नेलियस एक असल मानिस थिए । तर तिनले आफ्नो पापहरू जान्दथे । परमेश्वरको वचन सुन्दा-सुन्दै पवित्र आत्मादे तिनको मनमा काम गर्नुभयो र तिनलाई आफ्नो पापको विषयमा कायल पार्नुभयो । तिनले मुक्ति दिने प्रभु येशूको सुसमाचार सुनेर खुशीसाथ उहाँमाथि विश्वास गरे । अरूले पनि विश्वास गरे ।

पत्रुले वचन बोल्दा-बोल्दै के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१८) पवित्र आत्मा प्रभु येशूमाथि विश्वास गर्नेहरू सबैमाथि आउनुभयो । यो चाहिँ परमेश्वरले आज्ञा गर्नुभएअनुसार तिनीहरूले विश्वास गरे भन्ने प्रमाण थियो; किनभने परमेश्वर आफैले तिनीहरूको विश्वासमा पवित्र आत्माद्वारा आफ्नो छाप लगाउनुभयो । तर पेन्टेकोष्टको दिनमा भएझैं कर्नेलियसको घरमा पनि पवित्र आत्मा पाएकाहरूले अरू भाषाहरूमा परमेश्वरको प्रशंसा गरेका हामी पढ्छौं । यी चिन्हहरू यहूदी विश्वासीहरूको निम्ति नै थिए । प्रभु येशूले अन्य जातिहरूबाट पनि मानिसहरूलाई बचाएर पवित्र आत्माद्वारा आफ्नो मण्डलीभित्र गाभ्नुभएको छ भन्ने कुरा उनीहरूले आफ्नो आँखाले देखे र आफ्नो कानले सुने ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

क) पत्रुससँग आएका यहूदी विश्वासीहरू किन छक्क परे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) उनीहरूले के सुने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
१९) यो सबै देखेर पत्रुस अघि बढे र पवित्र आत्मा पाएका सबैलाई बप्तिस्मा लिने आज्ञा गरे । बप्तिस्मा दिएर उनले र उनको साथमा आएका यहूदी विश्वासीहरूले कर्नेलियसलाई र तिनको घरमा विश्वास गर्ने जतिजनालाई प्रभुको जनको रूपमा ग्रहण गरे । यस्तो कहिल्यै भएको थिएन । यहूदी र अन्य जातिका मानिसहरू ख्रीष्टमा एक भए ।

क) यी अन्य जातिहरूबाट विश्वास गर्नेहरूलाई पानीको बप्तिस्मा नदिनु किन मिल्दैनथ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) यसैले प्रभुका प्रेरित पत्रुसले के आज्ञा दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२०) प्रेरित २ : २१ पद कण्ठस्थ गर्नुहोस् । त्यसपछि तपाईंले यो पद जस्तो सक्नुहुन्छ, त्यस्तै यहाँ टाइप गर्नुहोस् ।

मुख्य प्रश्नहरू :

१) सारा संसारका मानिसहरूलाई मुक्ति पाउनु आँचो छ । कर्नेलियसको बारेमा पढेको यस खण्डबाट हामीले यो कुरा कसरी बुझ्न सक्छौं ? आफ्नै शब्दमा लेख्नुहोस् ।

२) मुक्ति कसरी पाइन्छ ? कर्नेलियसको जीवनबाट तपाईंले बुझ्नुभएअनुसार यो कुरा यहाँ आफ्नै शब्दमा लेख्नुहोस् ।

# पाठ ९

## प्रभु येशूका जनहरूलाई खेदो गर्ने शावल

शावलले येशू ख्रीष्टलाई घृणा गर्थे । उहाँको विषयमा तिनले नराम्रा कुराहरू भन्थे । तिनले येशू ख्रीष्टका चेलाहरूलाई थुनामा पनि हालेका थिए । उनीहरूको मृत्यु भएको देख्न तिनी खुशी हुन्थे । तापनि प्रभु येशूले तिनलाई समयमा बदली गर्नुभयो । यस संसारमा जन्मेका मानिसहरूमध्ये तिनी उक असल मानिस थिए । त्यो कसरी भयो ? त्यो हामी अब हेरौं ।

## क - शावलले प्रभु येशूको मण्डलीलाई खेदो गरेका प्रेरित ७ : ५४-६०, ८ : १-३

मण्डली भनेको ती मानिसहरूको नमात वा संगति बुझिन्छ, जसले प्रभु येशूमाथि विश्वास गरेर पापका क्षमा पाएका हुन्छन् । तिनीहरूले प्रभु येशूलाई प्रेम गर्छन् र उहाँको आज्ञा पालन गर्छन् । तिनीहरू एकठाउँमा भेला हुन्छन् । तिनीहरू उहाँका चेलाहरू हुन् । यरूशलेममा भएको मण्डलीका एक अगुवा स्तिफनस थिए । तिनी येशू ख्रीष्टको सुसमाचार खूब राम्रो र साहससित प्रचार गर्थे । यहूदी-धर्मका नेताहरूले आफ्नो धर्ममा साथै मन्दिरमा रतिनीहरूलाई धर्मनियम दिने मोशामामा घमण्ड गर्थे । स्तिफसनले उनीहरूलाई परमेश्वरका पुत्र येशुको हत्याको दोष लगाए । यो आरेप सत्य थियो । तर उनीहरूले आफ्ना पापदेखि पश्चत्ताप गर्न चाहेनन् । तर उनीहरू रिसाए र स्तिफलसलाई पक्रे । शैताले उनीहरूलाई यति अन्धा पारिदियो कि उनीहरूले परमेश्वरको वक्तालाई मारे । यसो गर्दा हामीले परमेश्वरको सेवा गरेका छौं भनी उनीहरूले सम्झे । स्तिफलसको मृत्यु हुँदा शावल नामक एक जवान मानिसले पनि भाग लिए ।
१) प्रभु येशूले भन्नुभयो : जसले अन्धकारले प्रेम गर्छ, त्यसले ज्योतिलाई घृणा गर्छ । यसकारण जब प्रभु येशू ख्रीष्टको पछि लागेर हामीले कुनै असल काम गर्छौं, तब कुनै मानिसले हामीलाई घृणा गर्छ भने हामीले यसमा अचम्म मान्नुहुँदैन ।

जब मानिसहरूले स्तिफलसले भनेका कुरा सुने, तब तिनीहरूले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

२) प्रभु येशू विश्वासयोग्य हुनुहुन्छ, उहाँको निम्ति हामीले दु:ख सहनुपऱ्यो भने पनि उहाँको उपस्थिति हाम्रा निम्ति अमूल्य छ ।
स्तिफनसले स्वर्गतिर टिठ लगाएर हेर्दा के देखे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) तिनले यी देखेका कुराहरू बताउँदा मानिसहरूले तिनलाई के-के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
क)
ख)
ग)

४) ती साक्षीहरूले आ-आफ्ना लुगालाई के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) आफ्ना सेवकहरू दु:खमा पर्दा परमेश्वरले तिनीहरूलाई दु:खमा सहने र आफ्ना शत्रुहरूलाई क्षमा गर्ने शक्ति दिनुहुन्छ । मानिसहरूले हामीलाई चोट लाए पनि हामीले उनीहरूसँग झगडा गर्नुहुँदैन । किनभने हामी प्रभु येशूका हौं र उहाँ हाम्रो पक्षमा लड्नुहुन्छ । जब ती मानिसहरूले स्तिफनसलाई ढुङ्गाले हाने, तब तिनले प्रार्थना गरे । तिनले जोशसित प्रभु येशूलाई पुकारे ।

क) तिनले आफ्नो निम्ति के प्रार्थना गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनले हत्या गर्नेहरूको निम्ति कुन विन्ती चढाए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) स्तिफनसको प्रार्थना त्यस हत्यामा भाग लिने एकजनाको जीवनमा कसरी पूरा भयो, सो पछि हामी देख्छौं । स्तिफनसको हत्यामा शावलको राय के थियो ? (प्रेरित ७ : ६०) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

७) त्यस दिन यरूशलेमस्थित भएको मण्डलीमाथि के कुरा शुरू भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

८) मण्डली अर्थात् विश्वास गर्नेहरूसित के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

९) यी सबै कुरामा शावलले के भाग लिएका थिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

१०) परमेश्वरले आफ्ना सेवकहरूलाई व्यर्थैमा दु:ख भोग्न दिनुहुन्न । आफ्ना सेवकहरूले सहेका दु:खहरूद्वारा उहाँले अरू मानिसहरूलाई आशिष दिहुन्छ । यस खेदोले गर्दा अझै धेरै मानिसहरूले प्रभु येशूको सुसमाचार सुने ।
जब विश्वासीहरू तितरबितर भए, तब तिनीहरूले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख - स्वर्गबाट चम्केको ज्योति प्रेरित ९:१-९
पावलले प्रभु येशूको जीवन र उहाँका अचम्मका कामहरूको विषयमा सुनेका थिए । प्रभु येशूको मृत्यु हुँदा उहाँले आफूमाथि आइपरेका सबै कामहरू कसरी धैर्यपूर्वक सहनुपऱ्यो, त्यो कुरा पनि तिनले सुनेका थिए । प्रभु येशू मरेकाहरूबाट बिउतनुभयो भन्ने गवाही पनि तिनको कानमा पुगेको थियो । प्रभुका जनहरू भला र दयालु छन्, र आफ्ना

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

प्रभुलाई अति प्रेम गर्छन् भन्ने कुरा सबैलाई थाहा थियो, तिनलाई पनि थाहा थियो । तिनीहरूको पवित्र जीवन देखेर कुनै फाल्तु मानिस तिनीहरूसित मिल्न चाहँदैनथियो । यति मात्र होइन, स्तिफलसको हत्या हुँदा तिनी आफै त्यहाँ उपस्थित थिए र उनको हत्या गर्नेहरूको निम्ति गरेका प्रार्थना आफ्नै कानले सुनेका थिए, र साथै प्रभु येशूका चेलाहरूलाई सताउँदा तिनले तिनीहरूको प्रभुप्रति तिनीहरूको साँचो भक्ति र उहाँको निम्ति दुःख सहने तयारी आफ्नै आँखाले देखेका थिए । तरैपनि तिनको हृदय यति कठोर र यति घमण्डले भरिएको थियो, र तिनले प्रभुका चेलाहरूलाई सताउन छोडेनन् । तर एकदिन बाटोमा तिनीमाथि आकाशबाट एउटा उज्यालो ज्योति चम्क्यो । त्यस दिन प्रभु येशू तिनीसित भेट हुनुभयो र तिनीसँग बोल्नुभयो । त्यस दिन प्रभु येशूले तिनको घमण्ड तोड्नुभयो । त्यसपछि तिनको जीवन पूरा रीतिले परिवर्तन भयो ।

१) प्रभु येशूका चेलाहरूप्रति शावलको मनको भावना कस्तो थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) पहिलेका विश्वासीहरू अर्थात् प्रभुका चेलाहरूलाई ‘त्यस मार्ग’ का अवलम्बी भनिन्थ्यो र पछि मात्र तिनीहरूलाई ख्रीष्टियान भनियो । दमस्कस भन्ने सिरियाको राजधानी यरूशलेमदेखि उत्तरपट्टि, लगभग १५० माइल टाढ़ामा छ ।
शावल प्रधान पूजाहारीकहाँ गएर दमस्कसमा भएका सभाहरूको निम्ति कस्तो पुर्जी मागे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) शावल दमस्कसको नजिक आइपुग्दा तिनको वरिपरि के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) केही वर्षपछि शावलले यस घटनाको गवाही दिँदा ‘मैले प्रभुलाई देखें’ भनी भने । प्रभुका प्रेरितहरूले उहाँलाई मरेकाहरूबाट बौरेपछि जसरी देखेका थिए, त्यसरी नै शावलले प्रभु येशूलाई देख्न पाए । प्रभु येशूको प्रेरित बन्न लायकको निम्ति उहाँलाई आफ्नै आँखाले देखेको हुनुपर्थ्यो । यो चाहिँ नभई नहुने कुरा थियो । प्रभु येशूलाई देखेर शावल प्रेरित हुन योग्यको भए । आजभोलि कुनै प्रेरित पाइँदैन । कसैले प्रभु येशूलाई आफ्नै आँखाले देख्न पाइँदैन पनि । यसैले ‘शावलले पाएको दर्शन देखेर मात्र म विश्वास गर्छु ’ भन्न ठूलो गल्ती हो । हामीले प्रभु येशूका प्रेरितहरूले दिएका पक्का गवाहीमाथि विश्वास गर्नुपर्छ ।

क) ज्योति देखेर शावलले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) शावलले सुनेको सोर येशूको सोर रहेछ । त्यस शब्दले तिनलाई के भन्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) एकैक्षणमा शावलले येशू नै प्रभु हुनुहुँदो रहेछ भन्ने कुरा थाहा पाए । तब तिनी डराउन थाले; किनभने तिनले आफ्नो ठूलो गल्ती थाहा पाए । तिनले आफूलाई प्रभुको सामु नम्र पारे र उहाँको आदेश पालन गर्न तयार भए ।

क) शावलले के प्रश्न सोधे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले तिनलाई के जवाफ दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

६) आफ्नो धर्मको निम्ति ठूलो जोशले लडेर पनि शावल आत्मिक हिसाबले अन्धा थिए । यस्तो अवस्थामा शावललाई आफ्नो मुक्तिदातालाई चिन्नु असम्भव थियो । तर तिनीप्रति परमेश्वरको कृपा ठूलो थियो । तिनी परमेश्वरको निम्ति महान् वक्ता हुनुपरेको थियो । यसैले शावललाई अपार निगाह मिल्यो र प्रभु येशू तिनीकहाँ प्रकट हुनुभयो ।
दमस्कस शहरभित्र शावल कसरी पसे ? (ठीक जवाफमुनि धर्का लगाउनुहोस् ।)
अ) नम्र भएर अरूको भर परेर वा
आ) घमण्डी भएर तिनले बोकेको पूर्जी देखाउँदै

७) तीन दिनभित्र प्रभु येशू मर्नुभयो, गडिनुभयो र मरेकाहरूबाट बौरेर उठ्नुभयो । शावलको जीवन पनि तीन दिनभित्र परिवर्तन भयो । हाम्रो जीवन तब परिवर्तन हुन्छ, जब हामी विश्वासद्वारा प्रभु येशूसित उहाँको मृत्यु र बौरिउठाईमा एक हुन्छौं । प्रभु येशू शावलको लागि पनि मर्नुभएको हो । तिनको घमण्ड, तिनको रिस, तिनको घृणा, तिनको अविश्वास, तिनका सबै पापको लागि प्रभु येशूले क्रूसमा आफ्नो अमूल्य रगत बगाएर छुटकाराको दाम तिर्नुभएको हो । शावलको पुरानो पापी चाल प्रभुको मृत्युमा निलियो । तिनले प्रभुबाट पापको क्षमा पाए । प्रभु येशूमाथि राखिएको विश्वासद्वारा तिनी जिउँदो प्रभु येशूसित एक भए । यसैले जुन शक्तिले प्रभु येशूलाइ मरेकाहरूबाट जिउँदो पाऱ्यो, त्यही शक्तिले तिनको आत्मिक हिसाबले मरेको जीवन परिवर्तन गर्न थाल्यो । यी तीन दिन भित्र तिनले प्रभु येशूका चेलाहरूमाथि गरेको सतावटको बारेमा पश्चात्ताप गर्ने मौका पाए ।
ती तीन दिनसम्म शावलको अवस्था कस्तो थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ग - शावल परमेश्वरको निम्ति चुनिएको पात्र भए प्रेरित ९:१०-२६

प्रभु येशूले शावलमाथि ठूलो कृपा देखाउनुभयो । शावलले प्रभुको मण्डलीलाई सताएका थिए । तर अब तिनले प्रभु येशूको मण्डली बढ़ाउनको निम्ति दुःख सहनुपरेको थियो । तिनी, जो पहिले आफ्नो यहूदी धर्मको लागि जोशिलो भई आफ्नो ज्यान दिन तयार थियो, त्यस बेलादेखि प्रभुको प्रेरित भएर सबै जातिका मानिसहरूकहाँ मुक्तिको सुसमाचार पुऱ्याए ।
१) शावलले प्रभु येशूको नाम पुकारे । यहूदी भएर तिनले दिनदिनै प्रार्थना त गरेका थिए, तर तिनले पापबाट मुक्ति पाएका थिएनन् । जब तिनको मुक्तिको दिन आयो, तब तिनले विश्वासको प्रार्थनाद्वारा आफ्नो जीवन प्रभुको हातमा सुम्पे । अनि तिनले फरिसी भई घमण्डसाथ प्रार्थना चढ़ाउने भने अब हामीले तिनलाई चूर्ण हृदय लिई प्रार्थना गरेको पाउँदछौं । यस्तो किसिमको प्रार्थनो परमेश्वरले सधैं ग्रहण गर्नुहुन्छ ।
क) प्रभु येशूले हननियालाई के गर्ने आज्ञा दिनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तब हननियाले उहाँलाई के जवाफ दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) प्रभुले हननियालाई जान्नुपर्ने कुरा कुन कारण देखाउनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) एक्लै ख्रीष्टको चेला भई जिउनुभन्दा अरू विश्वासीहरूसँगको सँगत अमूल्य हुन्छ । शावललाई येशूका चेलाहरूको सङ्गतिमा ल्याउनको निम्ति परमेश्वरले हननियालाई पठाउनुभयो । हननियाको सेवकाईद्वारा शावलले दृष्टि मात्र पाएनन्, तर उनीद्वारा बप्तिष्मा लिने अवसर पाएर दमस्कसका विश्वासीहरूको सङ्गतिमा रहन पाए ।

क) हननियाले शावललाई कुन तीन शब्दमा सम्वोधन गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) हननियाले कुन मनसायले शावलमाथि आफ्ना हात राखे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)

ग) दृष्टि पाएपछि शावलले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

घ) बप्तिष्मा लिएपछि शावलल कससँग रहे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) शावल कुनै कुरा अपूरा नछोड्ने मानिस थिए । तिनले जोशसित प्रभुका चेलाहरूलाई सताउँथे । तर अब विश्वासमा आएपछि तिनले प्रभु येशूको नाममा बप्तिष्मा लिएर प्रभुका जनहरूको सङ्गगतिमा रहन चाहे । त्यतिमात्र नभएर तिनले जोशको साथ आफ्नो विश्वस दमस्कसका सभाघरहरूमा ती यहूदीहरूको सामु स्वीकार गरे, जहाँ तिनले प्रभुका चेलाहरूलाई सताउने विचार गरेका थिए ।

क) सभाघरहरूमा शावलले कुन कुरा प्रचार गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनले दमस्कासका यहूदीहरूलाई के गरिदिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) शावलले प्रभुमाथि आफ्नो विश्वास खुल्लमखुल्ला मानिसहरूको सामु प्रचार गरेपछि तिनले खेदो सामना गर्नुपऱ्यो । येशूका विश्वासीहरूले मानिसहरूको सामु प्रभुको नाम स्वीकार गरे भने तिनीहरू अवश्य खेदोमा पर्नेछन् । प्रभुमाथि हाम्रो विश्वास पक्का छ कि छैन भन्ने कुरा खेदोले प्रकट गर्छ । (प्रेरित ९:२३-२६)

क) यहूदीहरूले शावललाई के गर्ने मतो गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) शावललाई मार्न तिनीहरूले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) शावल कसरी उम्के ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## घ - शावलप्रति प्रभुको कृपा  १ तिमोथी १:१२-१७

शावल जन्म र जातिअनुसार यहूदी मानिस थिए। साथै तिनी टार्सल भन्ने शहरको रोमी नागरिक पनि थिए । तिनको पहिलो नाम शावल थियो, तर विश्वासमा आएपछि तिनलाई पावल भन्ने नाम दिइयो । पावल नामले तिनी प्रख्यात भए । प्रभु येशूको निम्ति गरेको तिनको सेवाको काम हामीले नयाँ नियममा प्रेरितहरूका काम भन्ने पुस्तकमा पढ्छौं । त्यो बाहेक तिनले प्रभु येशूको निम्ति गरेको आफ्नो सेवकाईमा धेरै मण्डलीहरू र व्यक्तिहरूलाई पत्र लेखे । तिनका पत्रहरू नयाँ नियमको पुस्तकमा समावेश गरिएका छन् । तीमध्ये 'तिमोथीलाई पावल प्रेरितको पहिलो पत्र' पनि एक हो । प्रभु येशूले तिनको निम्ति के गर्नुभएको थियो, सो कुरा तिनले यस पत्रमा तिमोथीलाई लेखेर सम्झाए । १ तिमोथी १ :१२-१७ पदहरूको खण्ड पढ्नुहोस् ।

१) यस पत्रमा पावलले आफ्नो पहिलेको, ख्रीष्टबिनाको जीवन कसरी बयान गरे ? (पद १३[क]) कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) तिनी प्रभु येशूको निन्दा गर्ने र ख्रीष्टका चेलाहरूलाई सताउने मानिस थिए ।
क) प्रभु येशूले तिनीसित कस्तो व्यवहार गर्नुभयो ? यसको बारेमा तिनले के भने ? (पद १३ [ख]) कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ख) तिनले किन कृपा पाए ? (पद १३ ग) कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) पावलले कृपा पाएको अर्को कारण के रहेछ ? (पद १६) कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) क) कुन वचन विश्वासयोग्य र सबैको निम्ति ग्रहणयोग्य छ ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) यस वचनअनुसार पावलले आफूलाई के जस्तो सम्झे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ङ - अन्तसम्म विश्वासयोग्य   २ तिमोथी ४ : ६-८

आफ्नो विश्वासको निम्ति पावल प्रेरितले धेरै समय बन्धन र जेलमा बिताउनुपर्‍यो । यस्तो भएपनि आफ्नो प्रभुको गवाही तिनले ठूला - साना सबै मानिसहरूको सामु, अँ, राजाहरूको सामु दिन पाए । झ्यालखानामा रहँदा तिनले धेरै पत्रहरू लेखे । अन्तमा तिनी रोमी सम्राट नेरोको राज्यकालमा (लगभग इस्वी संवत ६७ सालमा) येशूको निम्ति शहिद भए । आफ्नो मृत्यु हुनुभन्दा अघि तिनले तिमोथीलाई दोस्रो पत्र लेखे । त्यस पत्रको केही भाग हामी यहाँ अध्ययन गर्नेछौं । २ तिमोथी ४ :६ -८ पदहरू पढ्नुहोस् ।

१) आफ्नो मृत्युको विषयमा पावल प्रेरितलाई के थाहा थियो ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) परमेश्वरको अनुग्रहद्वारा तिनले कुन-कुन कुरा गरेको गवाही दिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)
आ)
इ)

३) पावलले प्रभु येशू र उहाँको मण्डलीको निम्ति धेरै कष्ट सहनुपर्‍यो; तापनि तिनले ख्रीष्टको पछि लाग्ने निर्णयमा कहिल्यै अफसोस मानेनन् । अब तिनको जीवनको अन्तमा तिनको विश्वासको आशा झन बढेको हामी थाहा गर्छौं । तिनको पछाड़ि आत्मिक लड़ाइँ र दौड़ रहेछ । तिनको सामु ठूलो आनन्द र इनाम रहेछ; किनभने पावल प्रभुप्रति विश्वासयोग्य रहे ।

पावलले अब चाँड़ै प्रभु येशूबाट कुन इनाम पाउने निश्चयता आयो ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) पावललाई बाहेक प्रभु येशूले यो 'मुकुट' अरू कसलाई दिनुहुन्छ ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) प्रभु यशे ख्रीष्टको निम्ति तपाईंले पनि दुःख सहन तयार हुनुपर्छ । हुन सक्छ, जसलाई तपाईंले सबभन्दा बढ़ी माथा गर्नुहुन्छ, त्यही व्यक्तिबाट तपाईंले प्रभुको खातिर निन्दा र अनेक किसिमको विरोध भोग्नुपर्ला । तर प्रभु येशूको साँचो चेला भएझैं तपाईंले यी सबै दुःखहरु र परीक्षाहरुमा विजय बन्नुहोस् । यस्तो विरोध सहनुपर्ने बेलामा हामीलाइ साहस दिने अरु एक-दुई पद हामी हेरौं ।

क) यूहन्ना १५ : १२ - प्रभु येशू आफैले भन्नुभएको वचन अनुसार उहाँको पछि लाग्नेहरुलाइ सतावट हुन्छ नै । यस संसारका मानिसहरुले प्रभु येशूमाथि विश्वास गर्नेहरुलाइ किन घृणा गर्छन् ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ख) मत्ती १० : २८-३१ - यदी हामी प्रभुको खातिर खेदो सहन्छौं भने परमेश्वरको इच्छाअनुसार हामीले सतावट भोग्नेछौं । प्रभु येशूले भन्नुभएका यी वचनहरुअनुसार हामीले किन मानिसहरुबाट डराउनुहुँदैन ? यसको दुईवटा कारण लेख्नुहोस् ।
अ)
आ)

ग) हिब्रू १३ : ५-६ - परमेश्वरको इच्छाअनुसार शायद हामीले धनी कहिल्यै हुँदैनौं होला । हाम्रो जीवनभरि हामीसँग सम्पत्ती थेरथोर हुनसक्छ ।
अ) हामी गरीब भए तापनि हाम्रा निम्ति परमेश्वरको आज्ञा के छ ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

आ) सन्तुष्ट रहने साहस हामीले कहाँबाट पाउँछौं ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

इ) यसैले हामी हिम्मतसाथ कुन कुरा भन्न सक्छौं ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) २ कोरिन्थी ४:१७-१८ - प्रभु येशूको निम्ति जिउनेहरुको जीवन हारको जीवन होइन । तिनीहरुका जीवन परमेश्वरको आशिषले भरिएको छ । प्रभु येशूमा तिनीहरुले पापको क्षमा र अनन्त जीवन पाएका छन् । तिनीहरुको मनमा शान्ति र आनन्द छ । तिनीहरु प्रभु येशूको देखरेख र सङ्गतिमा जीवन बिताउँछन् । अनि परमेश्वरको इच्छाअनुसार तिनीहरुले प्रभुको निम्ति दुःख सहनुपर्‍यो भने तिनीहरुले यसको लागि स्वर्गमा ठूलो इनाम पाउँनेछन् ।

अ) यसैले पावल प्रेरितले आफूले सहनुपरेका कष्टहरुको बारेमा के भने ? (ठीक जवाफमुनि धर्का तान्नुहोस् ।)
ती छिनभरका र हल्का हुन्छन् वा
ती सहन नसकिने र कठिन हुन्छन्

आ) सहनुपर्ने सङ्कष्टले हाम्रो निम्ति के फल ल्याउँछ ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

इ) यसैले हामीले कुन कुरामाथि ध्यान लगाउनुपर्छ ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ई) यसो गर्नु किन उचित छ ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ङ) प्रकाश २:१० - यस पदमा मृत्युसम्म विश्वासयोग्य हुनेहरुलाई प्रभु येशूले के प्रतिज्ञा गर्नुभयो ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) तपाईंले मत्ती नामक पुस्तकको ५:११-१२ पद कण्ठस्थ गर्नुहोस् । त्यसपछि तपाइ्रले यो पद आफ्नो मनमा जस्तो सम्झनुहुन्छ, त्यस्तै यहाँ टाईप गर्नुहोस् ।

मुख्य प्रश्न :
प्रेरित पावलले २ कोरिन्थी ४:१६-१७ पदमा भनेअनुसार हामीले प्रभुको निम्ति सहनुपर्ने कष्ट कसरी सामना गर्नुपछ ? आफ्नो शब्दमा लेख्नुहोस् ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

# पाठ १०

## एउटी व्यापारी स्त्री, जोखना हेर्ने एउटी ठिटी र झ्यालखानाका हाकिम

प्रभु येशूले शावल अर्थात पावलको निम्ति के गर्नुभयो, सो कुरा हामी अघिको पाठमा देख्यौं । अब यस शिक्षाक्रमको अन्तिम पाठमा पावलको सेवकाईद्वारा मुक्तिको सुसमाचार अरु मानिसहरुकहाँ कसरी पुग्यो, त्यही कुामा हामी ध्यान लगाउँछौं । ग्रीस -देशमा तिनको पहिलो यात्रा र फिलिप्पी भन्ने शहरमा तीनजना मानसिहरुको विषयमा हामी विस्तृत रुपले अध्ययन गर्नेछौं ।

क -पाजल प्रेरितको निम्ति परमेश्वरको अगुवाई       प्रेरित १६:६-१०

प्रभु येशूको प्रेरित पावल सुसमाचार प्रचार गर्ने कामको निम्ति यूरोप-महादेशमा पर्ने यशिया माइनरमा अर्थात टर्की-देशमा यात्रा गर्दैथिए । परमेश्वरले तिनलाई र तिनको साथमा भएकाहरुलार्य यही यशिया माइनरका अरु भागहरुमा जान मनाही गर्नुभयो । दर्शनद्वारा परमेश्वरको विशेष अगुवाइ पाएर तिनीहरु तुरुन्तै म्यासिडोनिया गए र म्यासिडोनिया ग्रीस-देशको उत्तरी प्रान्त वा प्रदेश थियो, जो त्यसबेला रोमी साम्राज्यचित्र पर्थ्यो ।

१) त्यसबेला कसले प्रेरित पावल र तिनका साथमा भएकाहरुलाई यशियामा वचन प्रचार गर्न मनाही गऱ्यो ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) कसले तिनीहरुलार्य बिथिनिया जाने अनुमति दिएन ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) राती पावलले के देखे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) दर्शनमा म्यासिडोनियाको मानिसले के भनिरहेको थियो ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) पावल र तिनका साथमा भएकाहरुले म्यासिडोनिया जाने कस्तो निश्चय गरे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ख - एउटी व्यापार गर्ने स्त्रीले मुक्ति पाएकी       प्रेरित १६:११-१५

लिडिया नाम भएकी स्त्री थियातिरा शहरबाट फिलिप्पीमा व्यापार गर्न आएकी थिइन् । थियाटिरा यशिया माइनरमा पर्थ्यो र वैजनी रङ्गको निम्ति प्रसिद्ध थियो । त्यही शहरको वैजनी रङ्ग वा वैजनी कपडा उनले बिक्री गर्थिन् । उनी एकलैले आफ्नो परिवारको भार बोक्थिन् । हुनसक्छ, उनको लोग्ने मरेका हुनाले उनले आफ्ना छोराछोरीहरुलाई पालन-पोषण गर्नुपर्थ्यो । उनको जीवनमा आइलागेका कठिन समश्सयाहरुले उनलाई परमेश्वरको साहारा खोज्न लगाए । साँचो परमेश्वरको खोजिमा उनले यहूदी -धर्म अपनाएकी थिए । अनि तिनले पाएको ग्यानअनुसार सत्य परमेश्वरको डर मान्थिन् । तर त्यस समयसम्म तिनले प्रभु येशूको सुसमाचार सुनेकी थिइनन् न मुक्तिको बाटो चिनेकी थिइन् ।

१)यस खण्डमा फिलिप्पी शहरको विषयमा कुन -कुन कुरा बताइएको छ ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)

आ)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

२) यहूदीहरुले हप्ताको सातौं दिन अर्थात शनिबारलाई विश्राम- दिन मान्थे, र त्यस दिनमा कुनै परिश्रमको काम गर्दैनथे ।तयस दिन तिनीहरुले आराम गर्ने साथै सभाघरमा प्रार्थना गर्ने र परमेश्वरको वचन सुन्ने गर्थे । फिलिप्पीमा थोरे यहूददीहरु ब बसेका हुनाले शायद त्यहाँ कुनै सभाघर थिएन; यसकारण भक्त स्त्रीहरु नदीको किनारमा प्रार्थना गर्न भेला हुन्थे ।

क) विश्राम-दिनमा पावल र तिनको साथमा रहनेहरु कहाँ गएँ ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
ख) तिनीहरुले त्यो कस्तो ठाउँ सम्झे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) तिनीहरु कससँग कुरा गर्न लागे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३)हामी याद गरौं: परमेश्वरले नै पावल र तिनको साथमा हुनेहरुलाई त्यस शहरमा पठाउनुभएको हो । नदीको किनारमा प्रार्थना गर्नको निम्ती भेला भएका स्त्रीहरुमध्ये लिडीया नाम गरेकी एकजनाको ह्रदय परमेशवरले खोल्नुभयो, र उनले पावलले बोलेको कुरामा ध्यान दिईन् ।

क) लिडियाको विषयमा हामीले १४ पदबाट के -के कुरा थाहा पाउँछौं ?

अ)

आ)

इ)

ख) पावलले ती स्त्रीहरुलाई वचन सुनाउँदा प्रभुले के गर्नुभयो ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) परमेश्वरले लिडियाको हृदय, उनले येशूको वचन सुनून्, बुझून् र विश्वास गरुन् भनेर खोल्नुभयो; किनभने उहाँले उनलाई पापबाट मुक्ति दिन र उनको बोझले दबिएको मनमा शान्ति दिन चाहनुभयो । वचनमा विश्वास गरे उनले आफ्नो हृदय प्रभु येशूको निम्ति खोलिदिइन् । त्यही घड़ीमा उनले प्रभु येशूमा पापको क्षमा मनमा शान्ति पाइन् । विश्वास गर्नसाथ उनले प्रभुको नाममा बप्तिष्मा लिइन् । परमेश्वरको अपार प्रेम अनुभव गरेपछि उनले परमेश्वरको सेवकहरुलाई सेवा गर्न चाहेर आफ्नो घरको ढोका खोलेर तिनीहरुलाई सत्कार गरिन् ।

क) लिडियाको साथमा अरु कसले बप्तिष्मा लिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) लिडियाले पावल र तिनका साथीहरुलाई के विन्ती गरिन् ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ग - एउटी जोखना हेर्ने ठिटीमा प्रभुको काम प्रेरित १६:१६-२३

असल घरानाकी र परमेश्वरको डर मान्ने लिडियाले फिलिप्पीमा आएर प्रभु येशूद्वारा मुक्ति पाइन् । हामी त्यस शहरकी एउटी टिठीको विषयमा पढ्छौं, जो एउटी दासी थिई र जोखना हेर्ने काम गर्थी । प्रभु येशूले त्यसको निम्ति के गर्नुभएको थियो, सो यहाँ हेर्नेछौं ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

१) त्यस ठिटीको विषयमा हामी धेरै कुरा थाहा पाउँदैनौं । तर हामी यो जान्दछौं: त्यो ठिटी दुष्ट आत्मा लागेको थिई । त्यही दुष्ट आत्माको शक्तिले त्यससँग जोखना हेर्ने क्षमता थियो । त्यो देखेर त्यसका मालिकहरुले त्यस केटीबाट फाईदा उठाउँथे रत्यसलाई जोखना हेर्ने काममा लगाएर निक्कै पैसा कमाउँथे । तिनीहरुलेत्यस केटीलाई केही वास्ता गर्दैनथे; तिनस्हरुलको ध्यान केवल कमाइमाथि लगाएको थियो । त्यसलाई छुटकारा पाउनु खाँचो थियो । किनभने हामीले याद गर्नुपर्छ : दुष्ट आत्मा लागेको मानिसले भारी कष्ट र बन्धनमा जीवन बिताउनुपर्छ । त्यसलाई मनमा शान्ति हुँदैन; त्यसले आराम कहिल्यै पाउँदैन । किनकि त्उो मानिस दुष्ट र अशुद्ध आत्माको वासस्थान भएको छ । एकचोटि पसेपछि दुष्ट आत्माले त्यसलाई छोड्न मान्दैन । यस्तो अवस्थामा त्यो ठिटी पावल र तिनका साथीहरुसँग भेट भई ।

त्यस ठिटीले के गरेर  आफना मालिकहरुको निम्ती कमाइ ल्याउने गर्थी ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) त्यस केटीले पावल र तिनको साथमा हुनेहरुलाई वाक्क बनाएकी थिई । त्यसले भनेको कुरा सत्य थियो,तर त्यसले त्यो कुरा दष्ट आतमाको शक्ति पाएर भनेकी थिई । त्यसले त्यो कुरा परमेश्वरको महिमाको लागि भनेकी सथइन ।

क) पावल र तिनको साथमा भएकाहरुको विषयमा त्यस ठिटीले के भनी ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख)त्यसले यो कुरा कति समयसम्म गरिरही ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग)पावलले त्यस दुष्ट आत्मालाई के गर्ने आज्ञा दिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) तब दुष्ट आत्माले के गऱ्यो ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) प्रभु येशूले शक्रिशाली नाममा त्यस ठिटीले दुष्ट आत्माको पन्जाबाट छुटकारा पाएकी थिई । त्यसलाई निक्कै हल्का भयो । तर जोखना हेर्ने क्षमता दुष्ट आतमासँगे निस्केको कारणले त्यसका मालिकहरु रिसाए । अब तिनीहरुको कमाइको स्त्रोत बन्द भयो । परमेश्वरले त्यस ठिटीलाई छुटकारा दिनुभएकोमा तिनीहरु रमाउनु र परमेश्वरलाई धन्यवाद चढाउनुपर्थ्यो, तर यसो गर्नुको सट्टामा तिनीहरुले परमेश्वरका सेवकहरलाई कुट्ने र जेलमा हाल्ने चेष्टा गरे ।
क) त्यस ठिटीका मालिकहर किन रिसाए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख)तब ती मानिसहरुले पावललाई के गरे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) पावल र सिलासको विरोधमा तिनीहरुले अदालतमा कस्तो झुटो आरोप लगाए ? (पद २०-२१)? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) अदालतका हाकिमहरले केही सोधपुछ नगरीकन पावल र सिलासलाई कुट्ने आदेश दिए । तिनीहरलाई निक्कै पिटाइ दिएपछी उनीहरुले तिनीहरुलाई तत्कालै जेलमा हाले । रोमी सरकारको ऐनअनुसार यस्तो अन्याय उनीहरुले गर्नु हुँदैनथियो ।

क) ती अदालतका हाकिमहरले पहिले पावल र सिलासलाई के गरे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

त्यसपछी उनीहरुले तिनीहरसित के गर्ने आज्ञा गरे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) तब उनीहरले तिनीहरलाई कस्तो सजाय दिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) धेरै कुटाइ दिएपछि उनीहरले पावल र सिलासलाइ कहाँ हाले ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ड.) त्यस बेला उनीहरले तिनीहरुको विषयमा झ्यालखानाको हाकिमलाई के आदेश दिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## घ- प्रभु येशुले झ्यालखानाका हाकिमलाई बचाउनुभएको प्रेरित १६: २४-४०

लिडिया एउटी व्यापार गर्ने स्त्री थिइन्, जसले परमेश्वरको डर मान्थिन् । परमेश्वरको ठूलो दयाले गर्दा उनले प्रभु येशुमा मुक्ति पाइन् । त्यो जोखना हेर्ने ठिटी एउटी दासी थिई, जसले दुष्ट आत्माको वशमा जिउनुपर्थ्यो । त्यसले प्रभु येशूको सामर्थी नाममा दुष्ट आत्माबाट छुटकारा पाई । अनि यहाँ हामी फिलिप्पीको झ्याखानाका हाकिम देख्छौं, जो लिडिया र त्यस जोखना हेर्ने ठिटीभन्दा भिन्नै किसिमको मानिस थिए । रोमी सरकारको उच्च पद समात्ने झ्याखानाका हाकिम भएर पनि उनलाई मुक्ति पाउनु खाँचो थियो ।

१) त्यस बेलाका झ्याखानाका हाकिमहरुमध्ये प्राय : सबै क्रुर र निष्ठूर हुन्थे । देशको कानुनअनुसार सजाय दिनुभन्दा ज्यादै दण्ड तिनीहरुले कैदीहरलाई दिने गर्थे अथवा बन्धनमा परेकाहरुबाट आफ्नो फाइदा उठाउन खोज्थे ।

क) उनले पावल र सिलासलाई कहाँ लगेर थुने ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

ख) त्यहाँ उनले तिनहिरुलाई के लगाए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

२) पिठ्यूँमा चोटैचोट, खुट्टाहरु दु:खेका र तिनहिरुको चारेतिर चिसो, आध्यारो र निराश पार्ने जेलको घेरा ! परमेश्वरमा आशा राखेर र उहाँबाट सान्त्वना पाएर त्यही स्थितिमा पनि पावल र सिलास रमाए ; किनभने तिनीहरुले कुनै कुकर्मको निम्ति होइन ,तर एउटा असल कामको निम्ति झ्याखानामा बसे । तिनहिरुमा कुनै दोष थिएन ।

क) आधा राततिर पावल र सिलासले के गरिरहेका थिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

ख) तिनीहरुको कुरा कसले सुनिरहेका थिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

३) पावल र सिलासका परमेश्वरले तिनीहरुको प्रार्थना सुन्नुभयो । उहाँले तिनीहरुको पक्षमा लड्नुभयो र तिनसहरुको जविनमा आफ्नो सामर्थ्य देखाउनुभयो ।

क) एक्कासि त्यहाँ के भयो ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

ख) अनि त्यसपछी के भयो ? (किताबमा पद हेरेर खालि ठाउँ भर्नुहोस् ।)

“ झ्याखानाका जगहर ....................र तुरुन्तै ढोकाहरु............................र सबै बन्धनहरु.......................।”

४) कैदीहरलाई सुरक्षित राख्ने जिम्मावारी झ्याखानाका हाकिमको थियो । केदीहरु भागे भने तिनले ठूलो दण्ड भोग्नुपर्नेथियो ।

क) झसङ्ग बिउँझेर झ्याखानाका हाकिमले ढोका खुले भएका देख्दा के विचार गरे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

ख) तब तिनले के गर्न आटेँका थिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

ग) यसो गर्नुदेखि कसले वा केले तिनलाई रोके ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

५) यस अवस्थामा पनि पावल र सिलासले पामेश्वरको महिमा र मानिसहरुको भलाइ गर्न खोजे । परमेश्वरले झ्याखानाका हाकिमको कठोर हृदय हल्लाउनको निम्ति एउटा भुइँचालो ल्याउनुपर्‍यो । आफुलाई खतरामा परेको देख्दा तिनले गमभीर हुन र आफ्नो आत्माको निम्ति फिकी गर्न थाले । तिनी एउटा पापी मानिस थिए । मानिसको निम्ति एकपल्ट मर्नु र त्यसपछी परमेश्वरको न्यायमा पर्नु नियुक्र भएको छ । जीवित परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरा हो । तर परमेश्वरलाई  धन्यवाद होस् । उहाले तिनलाई समयमै अनुग्रह देखाउनुभयो र तिनलाई मुक्तिको बाटो थाहा दिनुभयो । तिनी परमेश्वरका सेवकहरुको सामु नम्र भए ।

क) झ्यालखानाका हाकिमले पावल र सिलासलाई कुन प्रश्न सोधे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

ख) तिनीहरुले तिनलाई के जवाफ दिए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

६) झ्यालखानाका हाकिम र तिनको घरकाहरुको निम्ति यो मुक्ति ल्याउने घडी थियो । तिनीहरुले पावल र सिलासबाट प्रभुको वचन ध्यानसित सुने । रातको त्यही घडीमा तिनी रतिनको सारा परिवाले प्रभु येशूमाथि विश्वास गरेर बप्तिस्मा । लिए । परमेश्वरको प्रशस्त निगाहले गर्दा पापबाट मुक्ति पाएर नम्र भई तिनले परमेश्वरका दासहरुलाई धेरै माया गर्न थाले । तिनको जीवन त्यही रात बदली भयो । यसरी प्रभु येशूले एउटा कठोर र निर्दय मानिसलाई बचाउनुभयो ।

क) ति झ्यालखानाका हाकिमले पावल र सिलासको निम्ति के गरे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ख) तिनी र तिनको सारा परिवारले के गरे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

ग) त्यसपछि तिनले पावल र सिलासलाई अझ के गरे ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

७) जब कुनै मानिसले प्रभु येशुमाथि विश्वास गरेर मुक्ति पाउँछ, तब ऊ खुशी हुन्छ र परमेश्वरलाई उहााको ठूलो अनुग्रहको निम्ति धन्यवाद चढाउन चाहन्छ ।

झयालखानाका हाकिमले तिनको जम्मै परिवारसित कुन कुरामा आानद मनाए ? कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला

८) भोलिपल्ट अदालतका हाकिमहरबाट पावल र सिलासलाई छोडिदिने आदेश आयो ।  तर उनीहरले दोषी नठहऱ्याएर पिटे र जेलमा हालेको कुरा प्रकट भयो । यसमा उनीहरुको ठूलो गल्ती थियो । रोमी ऐनअनुसार उनीहरु आफै दोषी भएर डराउपऱ्यो । तब आफै आएर उनीहरुले पावल र सिलासको सामु नम्र भई तिनीहरुलाई बिदा गर्नुपऱ्यो । -प्रेरित १६:३५ - ४०)

झ्यालखानाबाट निस्केर शहर छोड्नुभन्दा अघि तिनीहरु कसकहाँ गएर बिदा भए  ?  कृपया आफ्नो जवाफ तल

टाईपगर्नुहोला

९) तपाईले प्रेरित १६:३१ पद कण्ठस्थ गर्नुहोस् । त्यसपछी तपाईले यो पद जस्तो सम्झनुहुन्छ, त्यस्तै याहाँ टाइप गनुहोस् ।

## ङ.- मुख्य प्रस्नहरु

१) प्रभु येशू किसिम-किसिमका मानिसहरुलाई बचाउन तयार हुनुहुन्छ भन्ने कुरा तपाईले हालैमा अभ्ययन गर्नुभएको छ । यस विषयमा आफ्नै शब्दमा लेख्नुहोस् ।

२) प्रभु येशूले लिडिया र यि झ्यालखानाका हाकिमलाई ठूलो कृपा देखाउनुभयो । प्रभुको निगाहले तिनीहरको जीवनमा केकस्तो परिवर्तन ल्यायो ? आफ्नै शब्दमा लेख्नुहोस् ।

३) जब परमेश्वरले कुनै मानिसको जीवनमाथि समस्या वा सङ्कष्ट ल्याउनुहुन्छ, तब उहाँले कुन मनसायले यसो गर्नुहुन्छ ? लिडिया वा झयालखानाका हाकिमको जीवनबाट आफ्नो जवाफ लेख्नुहोस् ।

४) झ्यालखानाका हाकिमले परमेश्वरका सेवकहरुाई एउटा महत्वपूर्ण प्रश्न सोधे । यस प्रश्नको जवाफको विषयमा तपाईको विचार वा अनुभव के छ ? छोटकरीमा लेख्नुहोस् ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?